सोह्र

# नेपाली बालसाहित्यबारे अङ्ग्रेजी भाषामा लेखिएका कृति

**C.M. Bandhu**

***१. Children's Books And Reading in Nepal (Ed.)***

Publisher–The Royal Nepal Academy; Press–The Reliable Printers; First Edition–1987 Dec., Pages–127+11=138, Price–Not mentioned; Cover–Amar Chitrakar.

नेपाल बालसाहित्य समाज र तत्कालीन नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानद्वारा सन् १९८७ को अगस्ट १९ देखि २२ सम्म काठमाडौँमा आयोजना गरिएको नेपालमा बालपुस्तक र पठनगोष्ठीमा प्रस्तुत भएका कार्यपत्रसहित कार्यक्रमबारे जानकारी दिने सामग्री । छ अध्याय । शीर्षक-परिचय र उद्घाटन, बालपुस्तकको सिर्जना, बालपुस्तक र पत्रिकाको प्रकाशन र वितरण, बालपठन, सुझावहरू, समापन समारोह । कार्यपत्रहरू- बालबालिकाका निम्ति लेखन र चित्राङ्कन (मनोरमा जफा), नेपालीमा बालसाहित्यको वर्तमान अवस्था (सि.एम.बन्धु), नेपाली बालबालिकाका लागि विज्ञान पुस्तक (टि.बी.श्रेष्ठ), नेपालमा बालपुस्तकको प्रकाशन र वितरण (के.सि.एस.प्रधान र एम.एल.कर्माचार्य), नेपाली बालपत्रिकाको अवस्था (दैवज्ञराज न्यौपाने र यदुनन्दन केसी), औपचारिक शिक्षामा भाषाशिक्षण र बालसाहित्य (केदारनाथ श्रेष्ठ), बालपुस्तक र बालबोलीको तयारी : नेपाली

बालबालिकाको पठनसम्बन्धी सर्वेक्षण (मुरारीप्रसाद रेग्मी र शिवप्रसाद सत्याल 'पीठ')। पुस्तकमा नेपाली बालसाहित्य, बालपत्रिका, बालचित्राङ्कन, बालपत्रिकाको प्रकाशन र वितरण, बालभाषालगायतका विषयमा महत्त्वपूर्ण सामग्री रहेका छन्। नेपाली बालसाहित्यबारे जान्न इच्छुकहरूका लागि कृति अत्यन्त उपयोगी छ।

## Kartikeya Ghimire

### *१. Internet Child Journalism in Nepal and ketaketi.org*

Publisher–Child Nepal, Kathmandu; Press–Not mentioned; First Edition–2006 May, Pages–12+4=16, Price–25/–; Cover Art–Rashmi Amatya 'Shashi'; Translators/Editors–Mahesh Paudyal and Dhiraj Baral.

पूर्वाञ्चल विश्वविद्यालयअन्तर्गत एम.ए./एम.सि.जे.मा अध्ययनरत रहँदा पहिलो सेमेस्टर-२०६२ मा कृष्णप्रसाद घिमिरेका नाममा बुझाइएको प्रोजेक्ट वर्कलाई साहित्यिक नाम कार्तिकेय घिमिरेका नामबाट प्रकाशित गरिएको। एघार अध्याय। शीर्षक- विषय प्रवेश, पत्रिका चयन र यसका आधारहरू, नेपाली बालपत्रिका र आमसञ्चारमा केटाकेटी पत्रिका, केटाकेटी ओआरजि : एक परिचय, केटाकेटीमा पुस्तकहरू र पत्रिकाहरू, लक्ष्य र उद्देश्यहरू, साङ्गठानिक नमुना, कार्यप्रणाली र उत्तरदायितव, आयस्रोत, खर्च र वित्तीय स्थिति, वर्तमान स्थिति र प्रस्तुतिकरण, पाठक सर्भे, चुनौती र सम्भाव्यताहरू, सारांश, लेखकसूची, सन्दर्भ पुस्तक र पत्रिकाहरू।